# मेरो मत यसपटक डम्बर बहादुर सिंहलाई किन ?

## १. भूकम्पपीडितको पूर्ण पुनर्स्थापना

**वर्तमान अवस्था**
भूकम्पपछि जाजरकोटका धेरै परिवार अझै असुरक्षित जीवन बिताउन बाध्य छन्।

**प्रतिबद्धता**
- १० दिनभित्र सबै प्रभावित परिवारको वास्तविक र सार्वजनिक तथ्यांक तयार गर्ने।
- पुनर्निर्माण अनुदान तथा बजेट सुनिश्चित गर्न संघीय सरकारसँग प्रत्यक्ष समन्वय गर्ने।
- बजेट ढिलाइ भए गैरसरकारी संस्था, दाता संस्था र पालिकासँग सहकार्य गर्ने।
- प्राप्त प्रत्येक सहयोगको विवरण सार्वजनिक गर्ने।

**लक्ष्य**
अस्थायी टहरा होइन, सुरक्षित र स्थायी बास।

## २. स्वास्थ्य सेवा पुनर्स्थापना र पहुँच

**वर्तमान अवस्था**
भूकम्पका कारण स्वास्थ्य चौकी, औषधि आपूर्ति र सेवामा गम्भीर असर परेको छ।

**प्रतिबद्धता**
- क्षतिग्रस्त स्वास्थ्य संस्थाको वडा–वडा सूची तयार गर्ने।
- औषधि, जनशक्ति र रेफरल समस्या संसदमा प्राथमिकताका साथ उठाउने।
- दुर्गम क्षेत्रमा मोबाइल स्वास्थ्य शिविर र पहुँच सेवा समन्वय गर्ने।

**लक्ष्य**
सामान्य उपचारका लागि जिल्ला बाहिर जानु नपर्ने अवस्था।

## ३. सडक, टेलिकम र आवागमन सुधार

**वर्तमान अवस्था**
वर्षायाममा सडक अवरुद्ध हुने र धेरै स्थानमा मोबाइल सिग्नल कमजोर छ।

**प्रतिबद्धता**
- सबै पालिकाको प्राथमिक सडक सूची तयार गर्ने।
- सिग्नल नपुगेका वडाको स्पष्ट नक्सा बनाउने।
- संघीय बजेटमार्फत वर्षभरि सञ्चालन हुने सडक सुधार गर्ने।
- नेपाल टेलिकम तथा सम्बन्धित निकायसँग समन्वय गर्ने।

**लक्ष्य:** गाउँ–शहरको दूरी घटाउने र आवागमन सहज बनाउने।

## ४. स्थिर विद्युत र सुरक्षित खानेपानी

**वर्तमान अवस्था**
अनियमित विद्युत आपूर्ति र सुरक्षित खानेपानीको अभाव।

**प्रतिबद्धता**
- ग्रिड नपुगेका बस्ती र बिग्रेका लाइनको विस्तृत सूची तयार गर्ने।
- नेपाल विद्युत प्राधिकरणसँग समयबद्ध मर्मत तथा विस्तार योजना लागू गर्ने।
- विद्यालय र स्वास्थ्य चौकीमा सुरक्षित खानेपानीलाई प्राथमिकता दिने।

**लक्ष्य**
बिजुली र पानीलाई आधारभूत अधिकारको रूपमा सुनिश्चित गर्ने।

## ५. शिक्षा सुधार र डिजिटल पहुँच

**वर्तमान अवस्था**
शिक्षाको गुणस्तर कमजोर र डिजिटल पहुँच असमान छ।

**प्रतिबद्धता**
- पुस्तक, शिक्षक तालिम र डिजिटल शिक्षाका लागि बजेट सुनिश्चित गर्ने।
- चरणबद्ध रूपमा पाइलट डिजिटल विद्यालय सञ्चालन गर्ने।
- दुर्गम क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्ने।

**लक्ष्य**
गुणस्तरीय शिक्षा र समान अवसर।

## ६. युवा रोजगारी र सीप विकास

**वर्तमान अवस्था**
युवा बेरोजगार छन् र विदेश पलायन बढ्दो छ।

**प्रतिबद्धता**
- निर्माण, कृषि, इलेक्ट्रिसियन, सूचना प्रविधि र पर्यटन क्षेत्रमा मागमा आधारित सीप तालिम सञ्चालन गर्ने।
- स्थानीय विकास आयोजनामा स्थानीय श्रमिकलाई प्राथमिकता दिने।
- खेलकुद, तालिम र स्वरोजगार अवसर विस्तार गर्ने।

**लक्ष्य**
युवालाई विदेश होइन, यहीँ रोजगारी र अवसर।

## ७. पर्यटनमार्फत स्थानीय आम्दानी

**वर्तमान अवस्था**
पर्यटनको सम्भावना भए पनि संरचना र प्रचार कमजोर छ।

**प्रतिबद्धता**
- प्रत्येक पालिकामा पाइलट पर्यटन क्षेत्र विकास गर्ने।
- न्यूनतम पहुँच मार्ग, सूचना बोर्ड र प्रचार व्यवस्था गर्ने।
- होमस्टे, गाइड र स्थानीय सेवामार्फत रोजगारी सिर्जना गर्ने।

**लक्ष्य**
पर्यटनलाई स्थानीय रोजगारी र आम्दानीको आधार बनाउने।

## ८. ऊर्जा विकास: ४१७ मेगावाट नलगाड जलविद्युत आयोजना

**वर्तमान अवस्था**
नलगाड जलविद्युत आयोजना राष्ट्रिय महत्वको भए पनि निर्णय र कार्यान्वयन ढिलो भएको छ।

**प्रतिबद्धता**
- आयोजना राष्ट्रिय प्राथमिकता परियोजनामा अघि बढाउने।
- भूमि, वातावरण र लगानी सम्बन्धी प्रक्रिया छिटो टुंग्याउने।
- स्थानीय रोजगारी र स्थानीय लाभ सुनिश्चित गर्ने।

**लक्ष्य**
ऊर्जा विकासमार्फत जाजरकोटको आर्थिक भविष्य निर्माण गर्ने।

## ९. ठूला सडक र करिडोर परियोजना

**समेटिने आयोजना**
- भेरी करिडोर
- लुम्बिनी–रारा राजमार्ग
- जाजरकोट–पाँचकाटिया–ब्याउलीढुंगा
- छेडा–चलह–सानाखोला–जुम्ला
- जाजरकोट–पाँचकाटिया–बारेकोट–जुम्ला

**प्रतिबद्धता**
- बहुवर्षीय र पर्याप्त बजेट सुनिश्चित गर्ने।
- वर्षभरि सञ्चालन हुने सडक मापदण्ड लागू गर्ने।

**लक्ष्य**
जाजरकोटलाई राष्ट्रिय सडक सञ्जालसँग मजबुत रूपमा जोड्ने।

## १०. भूकम्पपीडितको पूर्ण पुनर्स्थापना

**वर्तमान अवस्था**
काइनाइट, टुर्मालिन जस्ता खनिज र जडिबुटीको ठूलो सम्भावना भए पनि वैज्ञानिक उपयोग छैन।

**प्रतिबद्धता**
- वैज्ञानिक र कानुनी ढाँचाभित्र उत्खनन र संरक्षण नीति लागू गर्ने।
- स्थानीय समुदाय र सहकारीलाई प्राथमिकता दिने।
- मूल्य अभिवृद्धि र बजारसँग जोड्ने।

**लक्ष्य**
प्राकृतिक स्रोतबाट स्थानीयलाई प्रत्यक्ष आर्थिक लाभ।

## राजनीतिक प्रतिबद्धता

यदि यी एजेन्डाहरू निर्धारित समयभित्र सुरु गर्न असफल भएँ भने म प्रतिनिधि सभा सदस्य पदबाट राजीनामा दिन तयार छु।यो प्रतिबद्धता नारा होइन, जनताप्रतिको इमानदारी र जिम्मेवारी हो।



**सूर्य चिन्हमा मतदान गरौं**
**डम्बर बहादुर सिंह।**
**नेकपा (एमाले)**

तपाईंको मत मेरो लागि पद होइन,
जाजरकोटको भविष्य बनाउने निर्णय हो।

VOTE